स्थानीय राजपत्र

बौदीकाली गाउँपालिकाद्वारा प्रकाशित

खण्ड १०, भाग २, संख्या १०, मिति २०८३ भाद्र २६ गते

**भाग- २**

**बौदीकाली गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय, डेढगाउँ, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम बौदीकाली गाउँपालिका, गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# बौदीकाली गाउँपालिकाको उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम कार्यविधि, २०८१ (पहिलो संसोधन), २०८३

कृषकहरुले उत्पादन गरेको कृषि वा पशुजन्य उत्पादनको आधारमा आर्थिक सहयोग गर्दै कृषि/पशु पेशामा आकर्षण बढाउने उदेश्यले संस्थागत रुपमा कृषि उपच बेचबिखन गर्ने कृषक तथा व्यावसायीलाई संगठित बजारमा गुणस्तरीय खसी/बोका/दुध/फलफुल/तरकारी लगायत कृषि/पशुजन्य बिक्रीको आधारमा अनुदान उपलब्ध गराउने उदेश्यले **बौदीकाली गाउँपालिकाको उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम कार्यविधि,२०८१ (पहिलो संसोधन), २०८३** स्विकृत गरि लागु गरेको छ।

## परिच्छेद १

**१ संक्षिप्त नाम,प्रारम्भ र परिभाषा :**

१.१ यो कार्यविधिको नाम " **बौदीकाली गाउँपालिकाको उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम कार्यविधि,२०८१(पहिलो संसोधन), २०८३**" रहेको छ।

१.२ यो कार्यविधि स्विकृत भएको मितिबाट लागु हुनेछ।

१.३ विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा।

१) "गाउँपालिका" भन्नाले बौदीकाली गाउँपालिकालाई सम्झनु पर्दछ।

२) "कार्यपालिका" भन्नाले बौदीकाली गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ।

३) "सहकारी" भन्नाले नियमानुसार दर्ता भएका कृषि तथा दुग्ध सहकारीलाई बुझ्नु पर्दछ।

४) "समुह" भन्नाले नियमानुसार दर्ता भएका कृषि तथा पशुपन्छी कृषक समुहलाई बुझ्नु पर्दछ।

५) "पशु शाखा" भन्नाले यस गाउँपालिकाको पशुपन्छी विकास शाखालाई सम्झनु पर्दछ।

६) "कृषि शाखा" भन्नाले यस गाउँपालिकाको कृषि विकास शाखालाई सम्झनु पर्दछ।

७) "प्रोत्साहन अनुदान" भन्नाले बौदीकाली गाउँपालिकामा एक वर्षमा एक जना कृषकले कृषि तथा पशुजन्य उत्पादन गरि कृषि/पशुजन्य सहकारी/समुह/संकलन केन्द्र मार्फत बिक्रि वितरण गरेवापत प्राप्त गर्ने अनुदानलाई सम्झनु पर्दछ।

८) "संकलन केन्द्र" भन्नाले बौदीकाली गाउँपालिकामा दर्ता भएका कृषकले उत्पादन गरेको कृषि तथा पशुजन्य बस्तु खरिद विक्रि गर्ने समुह/सहकारी तथा संकलन केन्द्रलाई सम्झनु पर्दछ।

९) तरकारी भन्नाले फुलगोभी, बन्दागोभी, केराउ, बोडी, सिमी, साग, गोलभेंडा, आलु, लौका, चिचिन्डा, घिरौंला, भण्टा, फर्सी, काँक्रो, पिँडालु, स्कुस लगायतका तरकारीको रुपमा प्रयोग हुने सबै उपज बस्तुलाई जनाउँछ।

१०) "फलफुल" भन्नाले एभोकाडो, कागती, अनार, सुन्तला, अम्बा, आँप, लिचि, किवि, ड्रागन, ओखर लगाएत फलफुलको रुपमा प्रयोग हुने वस्तुलाई जनाउछ।

११) "मसलाजन्य वस्तु" भन्नाले लसुन, प्याज, धनियाँ, खुर्सानी, अदुवा, बेसार लगायत मसलाको रुपमा प्रयोग हुने बस्तुलाई जनाउँदछ।

१२) "पशुजन्य भन्नाले" गाई/भैसी बाट उत्पादन भएको खान योग्य दुध र गाई/गोरु,साँडे बाहेक भाले जातको खसी तुल्याईएको वा नतुल्याईएको बोका, भेडा, च्याङ्ग्रा, सुंगुर, बदेल, राँगा, खरायो वा मासुको लागि योग्य देखिएको भैसी, बाख्रा, पोथी जातका भेडा, च्याङ्ग्रा, सुगुर, बदेल वा खरायो सम्झनु पर्छ र सो शव्दले भाले वा पोथी जातको कुखुरा हाँस, परेवा वा मासुको प्रयोजनको लागि पालिएको अन्य पशुपन्छी समेत सम्झनु पर्छ।

१३) "मासु भन्नाले" मानिसले खान योग्य पशुको मासु सम्झनु पर्छ।

१४) "दुध भन्नाले" मानिसले खान योग्य गाई/भैसी बाट उत्पादन भएको दुध सम्झनु पर्छ।

## परिच्छेद २

**२. कार्यक्रमको उदेश्य :**

यस कार्यविधिका उदेश्यहरु देहाय बमोजिम रकेका छन :

- अनुदान वितरण नितिलाई प्रक्रियामुखी बाट परिमाणमुखी तर्फ लैजाने।
- कृषिजन्य/पशुजन्य उत्पादन क्षेत्रलाई प्रतिस्पर्धात्मक बनाई सो व्यवसायलाई प्रतिष्ठित उवं दिगो व्यवसाय बनाउन प्रोत्साहन गर्ने।
- अनुदान सही, दक्ष र प्रभावकारी रुपमा वितरण उपयोग र सदुप्रयोग गर्ने।
- कृषि/पशु उत्पादनलाई संगठित बजारमा प्रवाह गर्ने।
- गाउँपालिकाको प्रतिबद्धता अनुरुप कृषि/पशुजन्य उत्पादनमा गाउँपालिकालाई आत्मनिर्भर बनाउने लक्ष्य पुरा गर्न सहयोग गर्ने।
- कृषिजन्य/पशुजन्य उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्ने।
- कृषि/पशुजन्य उत्पादनमा प्रोत्साहनले कृषकको मनोबल वृद्धिभई उत्पादकत्वमा वृद्धि हुने।

## परिच्छेद ३

**३. कार्यक्रम सञ्चालन प्रक्रिया :**

**क) अनुदान क्षेत्र**

- गाउँपालिका भित्र व्यावसायीक तरकारी, फलफुल तथा मसलाबाली लगाउने र पशुपालन गर्ने संस्था,समुह,फर्म,कम्पनी र सहकारीहरु अनुदान पाउन योग्य हुनेछन।
- अनुदान रकम निर्धारण सम्बन्धी व्यवस्था :

  १. अनुदान रकम कार्यपालिकाले तोके बमोजिम हुनेछ।

  २. अनुदानको रकम अनुदान प्राप्त गर्ने किसानहरुको सिधै वैंक खातामा र प्रशासनिक खर्च वातपको अनुदान रकम संस्था, समुह, संकलन केन्द्र वा सहकारीको बैंक खातामा जम्मा गरिन्छ।

  ३. अनुदान वापतको रकम आर्थिक वर्षको श्रावण १ गते देखिनै लागु हुनेछ।

**ख) अनुदान उपलब्ध गराउने विधि**

- कृषकहरुले अनुदान प्राप्त गर्नका लागि तोकिएको सहकारी, समुह वा संकलन केन्द्र मार्फत विक्रि वितरण गरेको हुनुपर्नेछ।
- सहकारी/समुह/संकलन केन्द्रले कृषिजन्य/पशुजन्य बस्तु खरिद गरेको र विक्रि गरेको अभिलेख स्पष्ट सँग सम्बन्धित सहकारीले राखेको हुनुपर्नेछ।
- सहकारी/समुह/संकलन केन्द्रले राखेको अभिलेखको आधारमा अनुदान रकम भुक्तानीको लागि सहकारी/समुह/संकलन केन्द्रको निर्णय र वडाको सिफारिस सहित गाउँपालिकाको आर्थिक विकास शाखामा पठाउनु पर्नेछ।
- सहकारी/समुह/संकलन केन्द्रको आर्थिक विकास शाखाले आवश्यक अनुगमन गरि गाउँपालिकाबाट कृषि उत्पादनको विक्रि तथा उत्पादनमा आधारित अनुदान उपलब्ध गराउनु पर्नेछ।
- गाउँपालिकाले समय समयमा सहकारी/समुह/संकलन केन्द्र तथा कृषकको अनुगमन र निरिक्षण गर्नेछ र झुट्टा विवरण राख्ने र पेश गर्ने सहकारी/समुह/संकलग्न केन्द्रको दर्ता खारेज गरि त्यस्ता सहकारी/समुह/संकलन केन्द्रको अभिलेखको आधारमा अनुदान वितरण गरिने छैन।

- अनुदान उपलब्ध गराउँदा सहकारी/समुह/संकलन केन्द्रले पेश गरेको अभिलेखको आधारमा गाउँपालिकाले कृषकको खातामा र प्रशासनिक खर्च वापतको अनुदान रकम सहकारी/समुह/संकलन केन्द्रको बैंक खातामा नै भुक्तानी गर्नेछ।
- यो कार्यविधि स्विकृत भएपश्चात सहकारी समुह संकलन केन्द्र मार्फत विक्रि वितरण गरि अभिलेखीकरण गरिएका कृषकहरुलाई मात्र अनुदान रकम उपलब्ध गराईनेछ।

**ग) अनुदान वितरणको लागि सहकारी/संकलन केन्द्र छनौट गरी गाउँपालिका र सहकारीविच सम्झौता तथा व्यावसायीक कृषकहरुको सुचिकरण :**

- कृषकले उत्पादनमा आधारित अनुदान प्राप्त गर्नको लागि गाउँपालिकाद्धारा निर्धारित सम्बन्धित वडाको समुह, सहकारी संस्था वा संकलन केन्द्रमा अनुसुची २ बमोजिम निवेदन पेश गरी सम्बन्धित सहकारीमा सुचिकृत हुनुपर्नेछ र सो समुह, सहकारी वा संकलन केन्द्रबाट कृषि उपजको कारोबार गर्नुपर्नेछ।
- सान्दर्भिकता र आवश्यकताको आधारमा तोकिएको संकलन केन्द्रलाई थप वा भइरहेको संकलन केन्द्रलाई खारेज गर्ने अधिकार बौदीकाली गाउँपालिकाको कार्यालयलाई हुनेछ।
- यस कार्यक्रम सञ्चालन गर्ने क्रममा सहकारीले बिक्रि अभिलेख सहित आवश्यक कागजात कृषि/पशुपन्छी विकास शाखा बौदीकाली गाउँपालिकामा बुझाएपश्चात आवश्यकता अनुसार कार्यपालिकाले निर्धारण गरेको रकम प्रति के.जी./लि. रु...............र प्रति के.जी./लि.रु.............सम्बन्धित समुह/संकलन केन्द्र र सहकारीलाई गाउँपालिकाद्धारा उपलब्ध गराउनुपर्नेछ।

**घ) कृषि अनुदान तथा आर्थिक सहायता :**

- प्रत्येक वडाको लागि पालिकाद्धारा निर्धारित समुह, सहकारी संस्था वा संकलन केन्द्रले अनुसुची ३ बमोजिमको ढाँचामा सूचिकृत भएका कृषकहरुको त्रैमासिक वा चौमासिकमा विक्री अभिलेख गाउँपालिकामा पेश गर्नुपर्नेछ।
- अनुदान प्रवाह सहज, पारदर्शी,मर्यादित र नियमित गराउनका निम्ति समुह, सहकारी संस्था वा संकलन केन्द्रको देहाय बमोजिमको भुमिका हुनेछ।

**१) कृषकको भूमिका :**

- कृषि उत्पादन र विक्रीको दैनिक लेखाजोखा कृषक स्वयमले समेत राख्नुपर्दछ।
- उत्पादनमा आधारित अनुदान कार्यक्रममा सहभागी हुन र अनुदान रकम प्राप्त गर्नका निम्ति कृषकले आफ्नो उत्पादनको बिक्री अभिलेखीकरण सम्बन्धित वडाको लागि गाउँपालिकाद्धारा

तोकिएको समुह, सहकारी वा संकलन केन्द्रमा दर्ता गराउनु पर्दछ। आफ्नो विवरण दर्ता गराउँदा तपशिल बमोजिमको कागजातहरु सम्बन्धित समुह, सहकारी वा संकलन केन्द्रमा पेश गर्नुपर्नेछ।

**तपशिल :**

- अनुसुची -१ अनुसारको सुचना बौदीकाली गाउँपालिका कृषि/पशुपन्छी विकास शाखाबाट प्रकाशन भएपश्चात अनुसुची -२ बमोजिमको विवरण सहितको निवेदन सम्बन्धित कृषि/पशु समुह, सहकारी/संकलन केन्द्रमा बुझाउनुपर्नेछ।
- वडा कार्यालयको दोहोरो सुविधा नलिएको सिफारिस।
- जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि र जग्गा भाडामा लिएको भए प्रचलित नियम बमोजिम कम्तिमा ५ वर्षका लागि भाडामा लिएको खुल्ने कागजातको प्रतिलिपि।

**भुक्तानी लिनको लागि बुझाउनु पर्ने अन्य कागजात :**

- भुक्तानी लिनका लागि कृषकको निवेदन
- अनुदान कार्यक्रम संचालन गरेको स्थान वा उत्पादित कृषि सामग्रीको ३ प्रति फोटो।
- सम्बन्धित वडा, पालिका वा जिल्लामा सञ्चालन भएको बैंक खाता विवरण।

२) **सहकारीको भूमिका :**

- कृषकहरुद्धारा संकलित उत्पादनको अभिलेखिकरण व्यवस्थित र पारदर्शीपूर्वक राख्नुपर्नेछ।
- उत्पादनमा आधारित अनुदान भुक्तानीको लागि सम्बन्धित समुह, संकलन केन्द्र वा सहकारीले तपशिल अनुसारको कागजातहरु गाउँपालिकामा पेश गर्नेछ।

**तपशिल :**

- निवेदन
- परिच्छेद-३ खण्ड (च) र (छ) बमोजिमको ढाँचामा उल्लेखित कृषिजन्य र पशुजन्य उत्पादन बिक्री अभिलेख।
- वडा कार्यालयको सिफारिस।
- वडा स्तरीय कृषि/पशु प्राविधिक तथा जनप्रतिनिधिको कार्य सम्पन्न प्रतिवेदन।

**ङ) खर्चको स्रोत :**

यस कार्यविधिमा तोकिए बमोजिमका कार्यक्रम सञ्चालन तथा अनुदान प्रदान गर्न देहायका स्रोतबाट प्राप्त रकमा प्रयोग गरिनेछ।

- गाउँपालिकाबाट प्राप्त रकम।
- अन्य कुनै स्रोतबाट प्राप्त रकम।

**च) उपलब्ध गराउने अनुदान रकम :**

- कृषकहरुलाई बिक्रिको आधारमा सहकारी/समुह/संकलन केन्द्रहरुको अभिलेख सहित सिफारिसको आधारमा देहाय बमोजिमको रकम उपलब्ध गराईनेछ।
- कृषिजन्य वस्तु : तरकारी प्रति के.जी.रु. ................../-
  सुन्तलाजात/फलफुल प्रति के.जी. रु. ......... /-
  मसला प्रति के.जी. रु. ................... /-
- पशुजन्य वस्तु : खसि/वोका प्रति के.जी. रु. ........... /-
  दुध प्रति लि. रु. ............. /-
  अण्डा प्रती गोटा रु. ........... /-

**छ) उत्पादनमा आधारित अनुदान कार्यक्रममा समेटिने कृषि तथा पशु उत्पादनहरु :**

| क्र.सं. | कृषि तथा पशु उत्पादनको नाम |
|---|---|
| १ | तरकारी |
| २ | फलफुल |
| ३ | मसलावाली |
| ४ | खसिबोका |
| ५ | दुध |
| ६ | अण्डा |

## परिच्छेद - ४

**४. लेखा र लेखापरीक्षण :**

क) अनुदान रकमको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ।

ख) अनुदान रकमको आन्तरिक र अन्तिम लेखापरिक्षण सरकारी कानुन बमोजिम हुनेछ।

## परिच्छेद - ५

**५.विविध :**

क) **बाधा अड्काउ फुकाउ** : यस कार्यविधि कार्यान्वयनको समबन्धमा कुनै दुविधा भएमा छनौट समितिले बाधा अड्काउ फुकाउन सक्नेछ।

ख) **प्रचलित कानुन बमोजिम हुने** : यस कार्यविधिमा लेखिएका विषयमा यसै कार्यविधि बमोजिम र नलेखिएका विषयमा प्रचलित कानुन बमोजिम हुनेछ।

ग) **संशोधन** : यो कार्यविधि आवश्यकता अनुसार गाउँपालिकाले थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ।

## अनुसुची -१

**पशुपन्छी/कृषि विकास शाखा, बौदीकाली गाउँपालिकाको उत्पादनमा आधारित अनुदान कार्यक्रममा सहभागी हुन प्रस्ताव आह्वान सम्बन्धी सूचना**

यस बौदीकाली गाउँपालिकाका आ.व. २०......../........... को स्वीकृत वार्षिक वजेट तथा कार्यक्रम अनुसार कृषकहरुलाई पालिकाको कार्यविधि बमोजिम उत्पादनमा प्रोत्साहन कार्यक्रममा सहभागि हुनको लागि यस गाउँपालिका भित्र रहेका कृषिजन्य र पशुजन्य उत्पादन सँग सम्बन्धित संकलन केन्द्र/समुह/सहकारीले सूचना प्रकाशन भएको मितिले.........दिन भित्र (२०....../..../.....) तपसिल बमोजिमका कागजातहरु सहित बौदीकाली गाउँपालिका पशुपन्छी/कृषि शाखामा आवेदन पेश गर्नुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु :**

- संकलन केन्द्र/समुह/सहकारीको निवेदन।
- वडा कार्यालयको दोहोरो सुविधा नलिएको सिफारिस।
- आवेदकको संस्थाको प्रचलित ऐन बमोजिम सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि।
- जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा लिएको खण्डमा जग्गा धनीसँग गरेको सम्झौताको प्रतिलिपि।
- समुह र सहकारीको कार्यसमिति बैठकले कार्यक्रममा माग गर्नका लगि गरेको निर्णयको प्रतिलिपि।

## अनुसूची -२

श्री.....................................

...............................सहकारी,

बौदीकाली गाउँपालिका वडा नं. ...

नवलपरासी (ब.सु.पू.)

| मुख्य तरकारीबाली | तरकारी खेती गरेको जमिनको क्षेत्रफल (रोपनी) | वार्षिक उत्पादन परिमाण (के.जी.) | वार्षिक विक्री परिमाण (के.जी.) | मुख्य पशु उत्पादन | वार्षिक उत्पादन परिमाण (के.जी. र लि.) | वार्षिक विक्री परिमाण (के.जी. र लि.) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

## अनुसूची -३

विषय : सुचीकृत हुन पाउँ भन्ने बारे।

प्रस्तुत विषयमा यस सहकारी संस्थाद्धारा कृषक सूचिकरणको लागि प्रकाशित सुचना बमोजिम म ...............(सदस्यता नं. ............) बौदीकाली गाउँपालिका वडा नं. ............ टोल ................ निवासी यसै सहकारी/समुह/संकलन केन्द्र संस्थाको सदस्य भई कृषि तथा पशुपन्छी उपजको उत्पादन गर्दै आएकोमा यस सहकारी/समुह/संकलन केन्द्र मार्फत कृषक सूचिकृत हुन पाउँ भनी तपशिलको ढाँचामा कृषिजन्य/पशुजन्य उत्पादन सम्बन्धी विस्तृत विवरण सहित निवेदन पेश गर्दछु।

निवेदकको नाम :

हस्ताक्षर :

सम्पर्क नं.

## अनुसूची -४

सहकारीको नाम : ................

वडा नं. ........................

| क्र.सं. | मिति | कृषकको नाम | ठेगाना | उत्पादित तरकारी तथा पशु उत्पादन (के.जी र लि.) | प्रति (के.जी र लि.) | कृषकले खुद बुझिलिने रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

व्यवस्थापकको हस्ताक्षर :

## अनुसूची -५

## बौदीकाली गाउँपालिका र उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रमका लागि छनोट भएका लाभग्राही बिच हुने सम्झौताको ढाँचा

बौदीकाली गाउँपालिका (यस पछि प्रथम पक्ष भनिने) र संकलन केन्द्र/समुह/सहकारी.........(यस पछि दोस्रो पक्ष भनिने) बिच उत्पादनमा प्रोत्साहन कार्यविधि २०८१ को दफा ३ बमोजिम पशुजन्य/कृषिजन्य उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रममा तपसिल बमोजिमका शर्तहरु पालना गर्ने गराउने गरि यो सम्झौता पत्रमा हस्ताक्षर गरि लियौं/दियौं।

सम्झौताका शर्तहरु :

१) यो सम्झौता भएको मितिबाट तुरुन्त लागु हुनेछ। सम्झौताको म्याद मिति ........देखि .......... सम्म कायम रहने छ।

२) दोस्रो पक्षले असल कृषि/पशुपालन अभ्यास (नियमित रुपमा पशु खोप लगाउने, परजिवि नियन्त्रण, थुनेलो लगायत अन्य रोग, जुनोटिक रोगहरु संक्रमित र औषधी उपचार गरिरहेको अवस्थाको अखाद्य दुध सेवन र विक्रि वितरण नगर्ने, फर्ममा जैविक सुरक्षा व्यवसथा मिलाउने, पशुपन्छीलाई उचित गोठ, खानपानको व्यवस्था मिलाउने आदि) लगायतका कार्यहरु गर्नुपर्नेछ।

३) दोस्रो पक्षले त्रैमासिक रुपमा कृषि/पशुजन्य उत्पादनको विवरणहरु पशुपन्छी/कृषि विकास शाखामा जानकारी गराउनुपर्नेछ।

४) प्रथम पक्षले दोस्रो पक्षलाई प्रोत्साहन वापतको रकम त्रैमासिक/चौमासिक रुपमा बैंक खातामा जम्मा गरिदिनुपर्नेछ। सहकारीले कृषिजन्य र पशुजन्य बस्तु खरिद र विक्रि गरेको प्रमाणित कागजातहरुको प्रतिलिपि सहित रकम माग गर्नुपर्नेछ।

५) कृषि/पशुजन्य बस्तुहरु कृषि/पशुपन्छी विकास शाखाले तोकेको समयमा यस कार्यालयको प्रतिनिधि मार्फत प्रमाणित गराउनु पर्नेछ।

६) दोस्रो पक्षले यो सम्झौता बमोजिमका कार्य नगरेमा वा उपलब्ध स्रोत साधनको दुरुप्रयोग गरेमा प्रथम पक्षले जुनसुकै समयमा एकतर्फिरुपमा सम्झौता भंग गरि प्रचलित कानुन बमोजिम प्रोत्साहन रकम असुल उपर गर्न सक्नेछ।

७) यस कार्यक्रममा सञ्चालन गर्ने क्रममा प्रथम पक्षले कृषकलाई प्रोत्साहन बापतको रकम उपलब्ध गराउँदा प्रति के.जि./लि. रु... र संस्था वा सहकारीलाई प्रशासनिक खर्च वापतको रकम उपलब्ध गराउँदा प्रति के.जि./लि. रु... को दरले उपलब्ध गराउनुपर्नेछ।

८) यस सम्झौता उल्लेख भए बाहेका विषयमा प्रचलित कानुन बमोजिम हुनेछ।

| प्रथम पक्षको तर्फबाट | रोहवर | दोस्रो पक्षको तर्फबाट |
|---|---|---|
| नाम : | नाम : | नाम : |
| पद : | पद : | पद : |
| हस्ताक्षर : | हस्ताक्षर : | हस्ताक्षर : |
| मिति | मिति | मिति |
| संस्थाको छाप : | संस्थाको छाप : | संस्थाको छाप : |

आज्ञाले,
राकेश कुमार चौधरी
प्रमुख प्रशासकीय अधिकृत
बौदीकाली गाउँपालिका

**प्रमाणीकरण मिति : २०८३/०५/०४**